दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २४७ | बुटवल | २०८१ भदौ १७, गते सोमबार | नेपाल संवत ११४४ | Monday Sept.02 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## देउवालाई प्रधानमन्त्री नबन्न



**विश्वप्रकाशको आग्रह**

*बुटवल*

नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले अब सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्न नहुने बताएका छन्।

आइतबार पार्टीको केन्द्रीय समितिको बैठकमा बोल्दै उनले सभापति देउवालाई प्रधानमन्त्री नबन्न र त्याग गर्न आग्रह गरेका हुन्। कांग्रेस र एमालेबीच एमाले अध्यक्ष केपी शर्मा ओलीपछि देउवा प्रधानमन्त्री बन्ने समझदारी भइसकेको छ।

प्रतिनिधिसभामा कांग्रेसबाटै एक से एक अग्रज नेता रहेको भन्दै उनीहरुमध्ये कसैलाई प्रधानमन्त्री बनाउनुपर्ने शर्माले बताए।

शर्माले डा.शेखर कोइराला, विमलेन्द्र निधि, प्रकाशमान सिंह, पूर्णबहादुर खड्का, डा.शशांक कोइराला र अर्जुननरसिंह केसीमध्ये एकलाई प्रधानमन्त्री बनाउन देउवालाई सुझाव दिए।

देउवासँग आग्रह गर्दै भने-'एमाले अध्यक्ष केपी ओलीको नेतृत्वको सरकारलाई र उहाँको नेतृत्वलाई सफल बनाउन कांग्रेसले सम्पूर्ण ध्यान लगाउनुपर्छ र एकताबद्ध रुपले साथ दिनुपर्छ। तर त्यसपछि सभापति देउवा प्रधानमन्त्री बन्नुहुन्न।'

तर देउवाले महामन्त्री शर्माले प्रधानमन्त्री नबन्न गरेको आग्रह इन्कार गरेका छन्। शर्माले बोल्दाबोल्दै प्रतिवाद गर्दै देउवाले तपाईंले भनेर मैले त्याग गर्ने (प्रधानमन्त्री नबन्ने) हो भन्दै झोंक्किएर प्रतिवाद गरेका थिए।

## पत्रकार महासंघको महाधिवेशन असोज ५ मा

बुटवल। पटक-पटक नयाँ मिति तोकिँदै सर्दै आएको नेपाल पत्रकार महासंघको महाधिवेशनको पुनः नयाँ मिति सार्वजनिक भएको छ। पत्रकार महासंघको निर्वाचन आगामी ५ असोजका लागि तोकिएको छ।

अध्यक्ष विपुल पोखरेलले एक वक्तव्य जारी गर्दै जिल्ला, प्रदेश र केन्द्र सबै तहको निर्वाचन ५ असोजमा हुने जानकारी दिएका छन्।

अध्यक्ष पोखरेलले समयमा निर्वाचन हुन नसक्नुको नैतिक जिम्मेवारी आफूले लिने पनि जनाएका छन्।

महासंघमा लामो समयदेखि बहसमा रहेको सदस्यता शुद्धिकरण यो पटक महत्वपूर्ण उपलब्धि हासिल भएको वक्तव्यमा उल्लेख गरिए पनि हासिल भएको उपलब्धि र पछिल्लो पटक भएको सहमतिका विषयमा भने वक्तव्यमा खुलाइएको छैन। सदस्यता वितरण, नवीकरणलगायत कारणले महासंघको चुनाव पटकपटक सर्दै आएको छ।

# वन मन्त्री कुर्मीलाई बर्खास्तको मागसहित निरन्तर आन्दोलन

### महिला अधिकारकर्मीहरुले नेपालगञ्जबाट काठमाडौं पुगेर २४ दिनदेखि धर्नासहित आन्दोलन जारी राखे पनि सम्बन्धित सरकारी निकायले माग सम्बोधनमा बेवास्ता गरेका छन्।

**लुम्बिनी संवाददाता**

*बुटवल*

एकल महिला अपहरण र बेपत्ता पारेको आरोप लागेका लुम्बिनी सरकारका वन तथा वातावरण मन्त्री बादशाह कुर्मीलाई बर्खास्त गर्न माग गर्दै महिला अधिकारकर्मीहरुले २४ दिनदेखि आन्दोलन जारी राखे पनि सम्बन्धित सरकारी निकायले बेवास्ता गरेका छन्।

बाँकेकी निर्मलादेवी कुर्मीको अपहरण र बेपत्ता पार्ने कार्यमा संलग्न रहेको आरोप मन्त्री कुर्मीमाथि छ। जानकी गाउँपालिका परस्पुरकी कुर्मीलाई बादशाहकै निर्देशनमा अपहरण र बेपत्ता पारिएको भन्दै उनका आफन्त र अधिकारकर्मीहरू आन्दोलित छन्।

उनीहरुले यो मुद्दा अदालत लैजानुपर्नेमा आरोपीलाई मन्त्री बनाएको भन्दै २४ दिनदेखि काठमाडौं माइतीघर मण्डलामा आन्दोलन गरिरहेका छन्। आइतबार उनीहरुले माइतीघरदेखि प्रधानमन्त्रीको निवास बालुवाटारसम्म पैदलमार्च गरेका हुन्।

प्रदशर्नकारीले निर्मला कुर्मीलाई न्याय देऊ, मानवअधिकार र कानुनी राज्यको संरक्षण गरलगायतका नारा लेखिएको कार्ड बोकेका थिए। काठमाडौंमा सिमसिम पानीकै बिच पनि प्रदर्शनकारीले रुझ्दै माइतीघर मण्डलदेखि बालुवाटारसम्म पैदलयात्रा हिंडेर सरकारको ध्यानाकर्षण गराएका हुन्।

महिला अधिकार मञ्च, महिला सुरक्षा दबाब समूह, नेपाल मुस्लिम महिला कल्याण समाज, महिला मानव अधिकार रक्षक सञ्जाल, महिला अधिकारका लागि राष्ट्रिय अभियान, महिला विश्वासी संघ, साप नेपाल, जागरण नेपाल, मिलिजुली समाज, मितिनी नेपाल, ल्याक, युथ एडभाकेसी नेपाल र एबीसी नेपालको आयोजनामा गरिएको प्रदर्शनलाई बृहत नागरिक आन्दोलनले ऐक्यबद्धता जनाएको छ।

महिला अधिकार मञ्चले मन्त्री कुर्मीलाई तत्काल बर्खास्त गर्न माग गरेको छ। मञ्चकी इञ्चार्ज अधिकारकर्मी रुवी खानले गम्भीर अपराधका अभियुक्तलाई मन्त्री बनाउँदा पीडित पक्षलाई थप पीडा थपिएको बताइन्।

कुर्मी नेपाली कांग्रेसबाट मन्त्री भएका हुन्। कुर्मीलाई यसअघिको सरकारले कानुनको दायरामा ल्याउने सहमति गरे पनि अहिले कांग्रेसका सहमहामन्त्री किशोरसिंह राठौरको दबाबमा संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले मुख्यमन्त्रीलाई सिफारिश गरेर मन्त्री बनाइछाडे। कांग्रेस लुम्बिनी प्रदेश समितिले सभापति शेरबहादुर देउवालाई ध्यानाकर्षण पत्र दिएर कुर्मीलाई मन्त्री बनाउने निर्णयमा पुनर्विचार गर्न आग्रह गरेको थियो।




कांग्रेसले सिफारिश गरे पनि मुख्यमन्त्री आचार्यले अस्वीकार गर्नुपर्नेमा नगरी मन्त्री नियुक्त गरेर कानुनी शासनको खिल्ली उडाएको अधिकारकर्मी खानले टिप्पणी गरिन्।

२०७५ सालमा एकाएक हराएकी निर्मलाको जग्गा हत्याउन कुटपिट गर्ने र अपहरण गरी बेपत्ता पार्ने काममा मन्त्री कुर्मीको संलग्नता रहेको प्रहरी अनुसन्धानले देखाएको छ।

तर राजनीतिक पहुँचका भरमा कुर्मी कारबाहीबाट बच्दै आएका थिए। निर्मला कुर्मीको न्यायका लागि महिला अधिकार मञ्चमा आबद्ध महिलाहरु विगतमा पनि पटकपटक नेपालगञ्जबाट पैदल हिंडेर काठमाडौं गई आमरण अनसनसमेत बसेका थिए। अनसनमा बसेकाहरूसँग सरकारले सहमति गर्दै निर्मलालाई अपहरण र बेपत्ता पार्ने घटनामा संलग्नहरुलाई कानुनको दायरामा ल्याउने सहमति गरेको थियो।

खानलगायत १२ जना अधिकारकर्मीहरू अनसन बसेपछि तत्कालीन गृहमन्त्री रवि लामिछानेले लिखित सहमति गरेर अपराधमा संलग्न जोसुकै भए पनि कानुनको दायरामा ल्याउने वचन दिएका थिए। १८ दिन अनसन बसेर आफूहरु नेपालगञ्ज फर्केपछि उक्त सहमति मन्त्रालयमै थन्किएको गुनासो रवीको छ।

'अघिल्लो सरकारको पालामा कुर्मीमाथि कारबाही हुन्छ कि भन्ने आशा पलाएको थियो, कांग्रेस र एमालेको नयाँ सरकार बनेपछि कारबाही हुनेमा आशंका बढेको छ,' खानले भनिन्-'२४ दिनसम्म काठमाडौंमा आन्दोलन गर्दा पनि सरकारले थाहा नपाए जस्तो गरेको छ, यसले मुलुकमा कानूनी राज्य छ भन्ने अनुभूति र विश्वास भएको छैन।' कुर्मी २०७९ सालको प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेसबाट बाँकेको क्षेत्र नम्बर ३ (२) बाट प्रत्यक्ष निर्वाचित भएका थिए। उनी विगतमा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए।

गृह मन्त्रालयका तत्कालीन सहसचिव हिरालाल रेग्मीको संयोजकत्वमा गठित छानबिन समितिले २०७८ कात्तिक १४ गते तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन बुझाउँदै निर्मला कुर्मीलाई बेपत्ता पार्ने काममा कांग्रेस नेता बादशाह कुर्मीलगायतका व्यक्तिहरु संलग्न रहेको उल्लेख गरेको थियो।

» बाँकी ३ पेजमा

प्रधानमन्त्री ओलीलाई बालेनको प्रश्नः

## लुम्बिनीकी सांसद रेखालाई किन नसमाएको ?



बुटवल। काठमाडौं महानगरपालिका मेयर बालेन्द्र शाह (बालेन) ले प्रधानमन्त्री समेत रहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई लुम्बिनीकी एमाले सांसद रेखा शर्माले ८ वर्षदेखि नाबालिगलाई बन्दी बनाएको विषयमा प्रश्न गरेका छन्।

प्रदेश सांसद रहेकी शर्माले दैनिक रुपमा ती बालिकालाई कुटपिट समेत गर्दै आएको बताउँदै मेयर बालेनले २ महिनादेखि महानगरले आग्रह गर्दा पनि सरकारले कारबाही नगरेको भन्दै आपत्ति जनाएका हुन्।

'उहाँ हुनुहुन्छ नेकपा एमालेकी प्रदेश सांसद रेखा शर्मा, उहाँले विगत ८ वर्षदेखि बन्दी बनाएर एक जना नाबालिकालाई घरेलु कामदारको नाममा हिंसा गर्दै आउनुभएको छ,' मेयर बालेनले भनेका छन्-'दैनिक रुपमा कुटपिट गर्दै आउनुभएको छ। काठमाडौं महानगरले विगत २ महिनादेखि कारबाही अगाडि बढाउनु भन्दा पनि यो सरकारले समाएको छैन।'

मेयर बालेनले अदालतले पनि मुद्दा चलाउन भनेको व्यहोरा समेत सार्वजनिक गरेका छन्।

उनले प्रधानमन्त्री ओलीलाई सम्बोधन गर्दै अघि भनेका छन्-'सुशासन भनेको अदालतले नि समाउ भनेको तपाईंको सांसद रेखा शर्मा जसलाई बाल शोषण गरेको मुद्दा छ, समाउनलाई भन्दछ। सायद तपाईंको लागि सुशासनको अर्थ सो बालिकाको मृत्युपछि गोहीको आँशु चुहाएर फेसबुकमा समवेदना दिँदै एक लाख घोषणा गर्नु नै होला।'

## 'सिद्धबाबा सुरुङमार्गको ब्रेक थ्रु सय दिनभित्रै'




बुटवल। भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले अबको सय दिनभित्रै सिद्धबाबा सुरुङमार्गको ब्रेक थ्रु हुनेगरी काम भइरहेको बताएका छन्। निर्माण कम्पनीले तोकिएको समयभन्दा पनि कम समयमा निर्माण सम्पन्न गर्नेगरी तीब्रताका साथ काम गर्न आफूले आग्रह गरेको उनको भनाइ छ।

प्रेस चौतारी नेपाल रुपन्देहीले आइतबार बुटवलमा गरेको पत्रकार सम्मेलनमा मन्त्री दाहालले विकास निर्माणका कार्यहरुमा ढिलासुस्ती हुन्छ भन्ने आमधारणालाई सिद्धबाबाको सुरुङ मार्ग निर्माणको योजनाले गलत सावित गर्ने अपेक्षा गरिएको बताए।

'सरकारले पूराना योजना सम्पन्न गर्नेतर्फ ध्यान केन्द्रित गरेको छ,' उनले भने-'चारैतिर सुरु भएका आयोजना अलपत्र परेकाले सरकारले नयाँ योजनालाई अघि बढाउने भन्दा पनि पुराना योजनाहरुलाई सम्पन्न गर्नेतर्फ लागेका छौं।'

उनले पुराना योजनाहरुको बक्यौता रकम भुक्तान गरी निर्माणको कार्यलाई आगामी महिनादेखि तीब्रता दिने जनाउँदै भुक्तानी गर्न बाँकी रहेका योजनाहरुको महिना दिनभित्रै समस्या हल गरी असोज महिनादेखि पूर्वाधार निर्माणको कार्यले तीब्रता पाउने प्रतिबद्धता व्यक्त गरे।

मन्त्री दाहालले राजस्व संकलनमा कमी आएका कारण पुराना योजनाहरुको भुक्तानीमा केही समस्या भएको बताउँदै ती समस्या समाधान गर्न प्रधानमन्त्री केपी शर्मा ओली तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलबाट प्रतिबद्धताहरु आएसँगै एक महिना दिनभित्रै समस्याको हल हुने उल्लेख गरेका हुन्।

यसैगरी बुटवल-नारायणगढ सडक विस्तारमा भएको ढिला सुस्तीबारे निर्माण कम्पनीसँग छलफल गरिएको जानकारी गराउँदै उनले निर्धारित समयमा काम सम्पन्न नगरे ठेक्का तोडिने बताए। निर्माण कम्पनीले विभिन्न समस्याहरु देखाएर सरकार समक्ष समय थपको प्रस्ताव ल्याएको भए पनि उक्त समस्या सरकारका कारणले नभइ स्वयम् निर्माण कम्पनीका कारण भएको हुँदा कुनै पनि हालतमा छुट दिन नसकिने मन्त्री दाहालले बताए।

जनतामा बढेको निराशा हटाउनु पनि अहिलेको सरकारको मुख्य जिम्मेवारी रहेको उनको भनाइ थियो।

लुम्बिनी क्षेत्रमा पर्ने मुख्य आयोजनाको कार्यप्रगतिबारे जानकारी लिएपछि मन्त्री दाहाल सचिव केशव शर्मासहितको टोली लिएर बुटवल-नारायणगढ सडकको निरीक्षणमा गएका छन्। मन्त्रालयका सचिव केशव शर्माले विभागीय मन्त्रीहरु फेरिइरहँदा केही नयाँ योजनाहरु थपिने भएका कारण पुराना आयोजना पूर्ण नभएको बताउँदै अहिलेको सरकारले त्यसो नगर्ने रणनीति लिएकाले पनि पुराना आयोजना छिटो बन्ने आधार देखिएको बताए।



## सम्पादकीय

# संघर्षले खारिएका धिरज

जहाँ इच्छा, त्यहाँ उपाय अर्थात् इच्छाशक्ति नै प्रधान हो । इच्छा हुने हो भने मान्छेले धेरै गर्न सक्छ । परासीका धिरज अग्रवालको जीवनमा यही भनाइ लागू भएको छ । समस्याको चाङ देखेर निराश हुने होइन्, समस्यासँग जुधेर अघि बढ्नु नै सर्वोत्तम हुन्छ, जीवनमा सफल हुन सकिन्छ भन्ने एउटा उदाहरण हुन्, धिरज । धिरज ह्विलचेयरको सहारामा हिंड्डुल गर्न सक्छन् । यस्तो जीवनलाई असामान्य जीवन मानिन्छ, तर उनी यसलाई सामान्य मान्छन् । शारीरिक रुपमा अपाङ्ग र शैक्षिक योग्यता हासिल गर्न बाधा भए पनि कलिलो उमेरमै ठूलो लगानीका दुई उद्योगसहित चार कम्पनीको सफल नेतृत्व गरेका उनी अरु धेरैका लागि प्रेरणापुञ्ज हुन् ।

मान्छेको जीवनमा के के आइलाग्छ, कसलाई के थाहा ? हुन पनि धिरजको जीवनमा त्यस्तै भयो । २०६२/०६३ को जनआन्दोलनको जुलुसमा परासीमा प्रहरीले आन्दोलनकारीलाई अश्रुग्यास हानेपछि त्यो दृश्य हेर्न घरको छतमा गएका बेला लडेर धिरजको ढाड भाँचियो । त्यो बेला १३ वर्षका धिरजले ६ कक्षा पास गरेका थिए । ढाड भाँचिएपछि भारतको लखनउ र दिल्लीमा उपचार त भयो, तर उनी पहिले जस्तो सग्लो भएर हिंड्न सकेनन् । उनलाई ह्विलचेयरको सहारा अनिवार्य भयो । कक्षा १० सम्म पढेका उनले त्यसभन्दा माथि पढ्न असहज भयो । मध्यम परिवारका धिरजका बुबा अनिलले परासी बुद्धचोकमा २०५० सालदेखि मारुती ट्रेडर्समार्फत् सिमेन्ट र छडको खुद्रा व्यापार गरिरहेका थिए । खुद्रा व्यापारमा सीमित उनको पारिवारिक व्यवसायलाई तिनै धिरजले ह्विलचेयरमा हिंडेरै २०७३ बाट थोक व्यवसाय गर्ने गरी मारुती बिजनेस कन्सर्न सुरु गरे । खुद्राबाट होलसेलमा स्तरोन्नति गरेसँगै मारुति बिजनेस कन्सर्न २०७४/०७५ र २०७५/०७६ मा दुई आर्थिक वर्ष नवलपरासीमा सबैभन्दा बढी कर तिर्ने व्यवसायिक फर्म बनेको छ । अरुका उद्योगबाट सामान ल्याएर बेच्नुभन्दा आफैँ उत्पादन गर्न सकिन्छ भन्ने सोंचले सन् २०१८ मा धिरजले एक अर्बको टेन स्टिल उद्योग स्थापना गरे । जसले फलामे पाइप उत्पादन गर्छ । कुनै बेलाका व्यापारी धिरज अब उद्योगीको पहिचान बनाइसकेका छन् । उनले २०७७ सालमा फेरि एक अर्बको लगानीमा प्लम्बिङ सामान उत्पादन गर्ने टेन प्लास्ट उद्योग सुरु गरे । सबै उद्योग र कम्पनीको नेतृत्व उनले नै गर्दै आएका छन् । ह्विलचेयरको सहारामा हिंड्डुल गर्न पर्ने भए पनि सक्रियतामा कुनै कमि छैन । चार वटा कम्पनीमा २ सय जनाले रोजगारी पाएका छन् ।

शरीरले होइन, दिमाग र दृष्टिकोणले नेतृत्व गर्नुपर्ने ठान्ने उनी समाजका यस्ता पात्र हुन्, जो सधैँ आशाको दियो बाल्न सक्छ । आँट, साहस र उत्साह छर्न सक्छ । संघर्षबाट नै सफलताको गोरेटो भेटिनसक्छ, र त्यो गोरेटो भेट्टाउने र फराकिलो बाटो तय गर्ने स्वंय आफैँले हो । संघर्षलाई सफलतामा बदल्न सफल धिरजलाई बधाई । थप कामका लागि शुभकामना !

# कुशे औँसी, पुर्खाको श्रद्धा र श्राद्ध



विश्वनाथ खरेल

*पिता र पुर्खाहरूको सम्मान गर्ने महोत्सव धेरै प्रमुख गतिविधिद्वारा चिन्हित गरिएको छ । यसमा अर्कोतर्फ हेर्ने हो भने दिवंगत पुर्खालाई अर्पण (श्राद्ध) कुशे औँसीको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये एक श्राद्धको अनुष्ठान हो, दिवंगत पुर्खाहरूलाई श्रद्धाञ्जली अर्पण गर्ने समारोह पनि हो । यस दिन परिवारले आफ्ना दिवंगत पुर्खाहरूलाई खाना, पानी र अन्य वस्तुहरू अर्पण गर्न भेला हुन्छन् ।*

विविध सांस्कृतिक सम्पदा र आध्यात्मिक परम्पराले धनी देश नेपाल, यहाँका जनताको विविध रीतिरिवाज र विश्वास झल्काउने असंख्य चाडपर्वको घर पनि हो । यी चाडपर्वमध्ये 'कुशे औँसी' जसलाई 'गोकर्ण औँसी' पनि भनिन्छ । यसले नेपाली हिन्दुहरूको हृदयमा विशेष स्थान राख्छ । यो पर्वले सामान्यतया देशमा 'बुवाको दिन' भनेर चिनिन्छ, बुवालाई सम्मान गर्न र दिवंगत पुर्खाहरू, विशेषगरी बुवाहरूलाई सम्झना गर्न समर्पित छ । यो अनुष्ठान, परम्परा, र भावनात्मक महत्वले भरिएको दिन हो, किनकी परिवारहरू पितृ बन्धन मनाउन एकसाथ आउँछन् । यसरी कुशे औँसीको जरा पुरातन हिन्दु परम्परामा फेला पार्न सकिन्छ । जसले पारिवारिक बन्धन र पुर्खाहरूको पूजाको महत्वलाई जोड दिन्छ । जसमा भन्ने नै हो भने हिन्दु धर्ममा पवित्रताको प्रतीक मानिने पवित्र बोट 'कुश'को नामबाट यस पर्वको नाम राखिएको हो । हिन्दु धर्मशास्त्रअनुसार कुश घाँसलाई शुद्ध गर्ने र दुष्टताबाट बचाउने शक्ति रहेको मानिन्छ । यसर्थ, कुश घाँसको यो महत्व चाडपर्वको संस्कार र अभ्याससँग जोडिएको छ ।

हाम्रो राष्ट्रको पात्रोअनुसार भाद्र तथा असोज महिनाको नयाँ चन्द्रमा (औँसी)मा कुशे औँसी मनाइन्छ । यसैगरी, काठमाडौं नजिकैको पवित्रस्थल गोकर्णसँगको पर्वको सम्बन्धले ऐतिहासिक र धार्मिक महत्वको अर्को तह थपेको छ । गोकर्णलाई हिन्दु धर्मका प्रमुख देवतामध्ये एक, भगवान् शिवले एक भक्तलाई वरदान दिएका थिए र यसलाई एक सम्मानित तीर्थस्थल बनाएको ठाउँ मानिन्छ । जसमा भन्ने नै हो भने कुशे औँसीको परम्परा पुस्तादेखि चलिआएको छ । यसमा पनि प्रत्येक परिवारले उत्सवमा आफ्नो अद्वितीय स्पर्श थपेको छ । जुन पर्वको दीर्घायु र आधुनिक समयमा निरन्तर सान्दर्भिकताले नेपाली समाजमा यसको गहिरो जरा गाडेको महत्वलाई जोड दिन्छ । फलतः कुशे औँसीको उत्सवमा मुलुकका विभिन्न क्षेत्रमा अलिकति फरक हुने रीतिरिवाज र चलनको शृंखला समावेश छ । यद्यपि, केन्द्रीय विषयवस्तु एउटै रहन्छ । पिता र पुर्खाहरूको सम्मान गर्ने महोत्सव धेरै प्रमुख गतिविधिद्वारा चिन्हित गरिएको छ । यसमा अर्कोतर्फ हेर्ने हो भने दिवंगत पुर्खालाई अर्पण (श्राद्ध) कुशे औँसीको सबैभन्दा महत्वपूर्ण पक्षमध्ये एक श्राद्धको अनुष्ठान हो, दिवंगत पुर्खाहरूलाई श्रद्धाञ्जलि अर्पण गर्ने समारोह पनि हो । यस दिन परिवारले आफ्ना दिवंगत पुर्खाहरूलाई खाना, पानी र अन्य वस्तुहरू अर्पण गर्न भेला हुन्छन् । जुन श्राद्ध गर्नाले पितृको आत्मा सन्तुष्ट भई सन्तानलाई स्वास्थ्य, समृद्धि र सुखको आशीर्वाद दिने जनविश्वास रहेको छ ।

जीवित बुवाको यस दिन मुख हेर्ने मिठो मसिनो खाने कुरा दिने एकातिर छ भने अर्कोतिर भन्ने हो भने जसको स्वर्गारोहण भएका बुवाको हकमा भने घरमा वा पवित्र स्थानमा जस्तै नदीको किनार वा गोकर्ण जस्ता तीर्थस्थलमा गएर श्रद्धा जस्ता कार्यहरू गर्ने गरिन्छ । यसमा पनि प्रसादमा सामान्यतया पकाएको चामल, तिल, पानी र अन्य पवित्र वस्तुहरू समावेश हुन्छन् । जसमा भन्ने नै हो भने परिवारको प्रमुख, सामान्यतया जेठो छोराले अनुष्ठान सञ्चालन गर्दछ, पूर्वजहरूको आशीर्वादको लागि प्रार्थना र मन्त्रहरू पढ्छ । यसको अलावा यस दिन कुशे औँसीको दिन, मानिसले पवित्र कुश घाँस घरमा ल्याउँछन् । त्यसपछि वर्षभरि विभिन्न धार्मिक समारोहमा प्रयोग गरिन्छ । जुन, कुशलाई प्रायः पारिवारिक देवताको नजिक वा प्रार्थना कोठामा राखिन्छ, सुरक्षा र शुद्धताको प्रतीक हो ।

यसरी कुशलाई घरमा ल्याउने कार्यलाई शुभ मानिन्छ, र यसले नकारात्मक ऊर्जाबाट बच्ने विश्वास गरिन्छ । त्यस्तै, कतिपय क्षेत्रमा कुश घाँसबाट साना मूर्ति वा मूर्ति बनाउने चलन छ, जसलाई अन्य देवतासँगै पूजा गरिन्छ । यो अभ्यासले बिरुवाको आध्यात्मिक महत्व र जीवितलाई ईश्वरसँग जोड्न भूमिकालाई हाइलाइट गर्दछ । यसको साथै कुशे औँसीको अर्को महत्वपूर्ण चलन ब्राह्मणलाई खुवाउनु हो, जसलाई हिन्दु रीतिरिवाजका पुजारी र संरक्षक मानिन्छ । जसरी ब्राह्मणलाई भोजन चढाउँदा अप्रत्यक्ष रूपमा पितृको आत्मालाई भोजन मिल्ने विश्वास छ । ब्राह्मणले बारीमा परिवारका सदस्य, विशेषगरी पितालाई सौभाग्य र दीर्घायुको आशीर्वाद दिन्छन् । यसमा पनि धेरै घरहरूमा, ब्राह्मणलाई अनुष्ठान गर्न र प्रार्थना गर्न निम्तो गरिन्छ, दिनको आध्यात्मिक वातावरणलाई अझ बढाउँछ । परोपकार र दिने कार्य त्यो उत्सवको एक प्रमुख घटक हो, दया र निःस्वार्थताको मूल्यहरू प्रतिविम्बित गर्दछ ।

त्यसैगरी कुशे औँसीको सबैभन्दा हृदयस्पर्शी र प्रतीकात्मक भाग भनेको त्यो समारोह हो जहाँ बच्चाहरू जुनसुकै उमेरको भए तापनि आफ्नो बुवाको खुट्टा छोएर र उपहार दिएर आशीर्वाद लिन्छन् । यो अनुष्ठान 'पितृपूजा'का रूपमा चिनिन्छ र यो बुवा र बच्चाबीच गहिरो भावनात्मक सम्बन्धको क्षण पनि हो । यस दिन बुवाको मुख हेर्ने कार्यले छोराछोरीले बुवाप्रति राखेको आदर र श्रद्धाको प्रतीक पनि हो । यो उनीहरूको जीवनमा बुवाको भूमिकाका लागि कृतज्ञता व्यक्त गर्ने तरिका हो, उहाँको बलिदान, प्रेम र निर्देशनलाई स्वीकार गर्दै जाने दिन पनि हो । तसर्थ, बुवाले पनि आफ्ना छोराछोरीलाई आशीर्वाद दिन्छन्, उनीहरूलाई सफलता र खुसीको कामना गर्छन् । वस्तुतः धेरै परिवारमा, बुवालाई आफ्ना छोराछोरीद्वारा तयार पारिएका विशेष परिकार, नयाँ लुगाहरू र अन्य उपहार प्रदान गरिन्छ । यस पर्वमा माया र स्नेहको आदानप्रदानले बुवा र बच्चाबीच सम्बन्धलाई मजबुत बनाउँछ, यसलाई एक पोषित परम्परा मानिन्छ ।

निष्कर्षमा भन्नुपर्दा कुशे औँसी, वा गोकर्ण औँसी, एक चाड मात्र होइन, यो जीवन, प्रेम र परिवारको उत्सव पनि हो । जसमा पुरातन हिन्दु परम्परामा जडित, पर्वले बुवा र पुर्खाहरूलाई सम्मान गर्दछ, अनुष्ठान, प्रतीकवाद, र भावनात्मक महत्वको अद्वितीय मिश्रण प्रदान गर्दछ । यसमा पवित्र कुश घाँसदेखि लिएर बुवाको अनुहार हेर्ने हृदयस्पर्शी समारोहसम्म, कुशे औँसीको हरेक पक्षले नेपाली हिन्दुहरूले आफ्ना पुर्खाहरूप्रति राखेको गहिरो सम्मान र कृतज्ञता झल्काउँछ । अतः राष्ट्रको विकास हुँदै जाँदा कुशे औँसी पर्व पनि आधुनिक मूल्यमान्यता र जीवनशैलीमा परिणत भएको छ । तर, पनि यसको मूल सिद्धान्तहरू अपरिवर्तित छन् । यो पर्व परिवारको महत्व, परम्पराको निरन्तरता र आफ्ना पुर्खासँग बाँच्ने स्थायी बन्धनको एक शक्तिशाली अनुस्मारकका रूपमा जारी छ । यसमा भन्ने नै हो भने बढ्दो द्रुत गतिमा र विच्छेद भएको संसारमा, कुशे औँसीले विरामको क्षण प्रदान गर्दछ, हाम्रो जराहरू प्रतिविम्बित गर्ने, हाम्रा पितालाई सम्मान गर्ने र हामीलाई परिभाषित गर्ने मूल्यसँग पुनः जडान गर्ने समय पनि हो ।

यो एक चाड हो जसले समयलाई पार गर्दछ, हामीलाई सम्झना गराउँछ कि संसार परिवर्तन भए पनि परिवारको बन्धन र बुवाको माया अनन्त रहन्छ । यसैक्रममा आफ्नो बुवा गुमाएकाहरूका लागि, पर्वले फरक स्वर लिन्छ । उनीहरू आफ्ना दिवंगत बुवाको सम्झनामा अनुष्ठान गर्न काठमाडौंनजिकैको गोकर्णको पवित्र स्थलमा जान्छन् । यो साइट गोकर्णेश्वर महादेव मन्दिरको घर हो, भगवान शिवलाई समर्पित, र कुशे औँसीको समयमा प्रमुख तीर्थ गन्तव्य हो । जुन, गोकर्ण मेला यस समयमा आयोजित छ, देशभरबाट हजारौं भक्तलाई आकर्षित गर्दछ । यस कार्यले आफ्ना दिवंगत पितृको आत्माले शान्ति पाउने विश्वास गर्दै मानिसहरू पूजा, श्राद्ध र बाग्मती नदीमा पवित्र स्नान गर्छन् । गोकर्णको वातावरण श्रद्धा र गम्भीरताको छ, किनकि, परिवारहरू आफ्ना पुर्खालाई सम्झन र सम्मान गर्न एकसाथ आउँछन् ।

राजधानीबाट

# नेप्से परिसूचकमा ५३ अङ्कको गिरावट



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा करिब दुई प्रतिशतको गिरावट देखिएको छ भने कारोबार रकम पनि घटेको छ । नेप्से परिसूचक ५३ दशमलव ६३ अङ्कले घटेर दुई हजार छ सय ९५ दशमलव ९३ को विन्दुमा कायम भएको हो ।

तीन सय ३७ कम्पनीको दुई करोड ६२ लाख ४६ हजार चार सय ३५ कित्ता शेयर एक लाख ३० हजार छ सय ३२ पटक खरिदबिक्री हुँदा रु १० अर्ब ५१ करोड ७६ लाख ८२ हजार तीन सय ४९ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

म्युचुअल फण्ड शून्य दशमलव ८० प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी वित्त समूह तीन दशमलव ४४, होटल तथा पर्यटन दुई दशमलव ९८ र बैंकिङ दुई दशमलव ३४ प्रतिशतले घटेको छ । त्यसैगरी, विकास बैंक एक दशमलव ८५, जलविद्युत् दुई दशमलव ४०, लगानी एक दशमलव ३३, जीवन बिमा एक दशमलव ४४, उत्पादन तथा प्रशोधन एक दशमलव ८०, लघुवित्त एक दशमलव ८८, निर्जीवन बिमा एक दशमलव २३, व्यापार शून्य दशमलव १९ र अन्य समूह एक दशमलव ०४ प्रतिशतले बढेको छ ।

सुपरमाई हाईड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड र माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी गुडविल फाइनान्स लिमिटेडको रु ५२ करोड ३१ लाख १० हजार चार सय ९२ बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै सानिमा लार्ज क्याप फण्डको आठ लाख चार हजार आठ सय कित्ता शेयर कारोबार भएको छ ।

# वर्षायाममा सताउने पानीजन्य रोगहरू र जोगिने उपाय

वर्षायाम सुरु भएको छ । पानी परिरहने, पानी जम्मा हुने र पानी दूषित हुने भएकाले यस्तो बेला विभिन्न सरुवा रोगको जोखिम हुन्छ ।

वर्षातको समयसँगै धेरै ठाउँहरुमा डुबान, बाढी तथा पहिरोले गर्दा पानीको स्रोतहरु दुषित हुन्छन् । दुषित पानीका कारण हैजा, झाडापखाल, टाइफाइड, हेपाटाइटिस 'ए', हेपाटाइटिस 'ई' लगायतका सरुवा रोगको संक्रमण बढ्न सक्छ । त्यसैगरी आँखा पाक्ने समस्या, छालासम्बन्धी विभिन्न समस्या र किटजन्य रोग लाग्छन् । जुन मुख्यगरी निम्नानुसार छन् :

**दूषित पानीका कारण लाग्न रोगहरुः**

(क) दूषित पानी खाएर हुने रोगहरू । जस्तैः हैजा, झाडा पखाला, आउँ, जुका, कमलपित्त, टाइफाइड ।

(ख) नुहाउन, धुनको लागि फोहर पानी प्रयोग गर्दा लाग्ने रोगहरू । जस्तैः लुतो, दाद, घाउ खटिरा जस्ता छालासम्बन्धी रोगहरू र ट्रकोमा ।

(ग) खेर गएको पानी, फोहर पानीको उचित विसर्जन नगर्दा त्यस्तो पानीमा लामखुट्टे, भुसुनाहरू हुर्कन्छन् र तिनीहरूले रोगहरू सार्छन् । जस्तैः औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाइटिस ।

**१ आँखा पाक्ने तथा ट्रकोमा**

खस्रे रोग एक प्रकारको आँखा पाक्ने रोग हो । यस रोगलाई ट्रकोमा भनिन्छ ।

यो रोग किटाणुहरूको कारणले लाग्छ र यो रोगका किटाणुहरू फोहरमा हुन्छन् ।

यो रोग प्रायः गरेर स-साना बालबालिकालाई लाग्छ र यस रोगले अन्धो पनि बनाउन सक्छ ।

यो रोग लाग्नुको मुख्य कारण : हात मुख धुन पर्याप्त पानी नभएर वा हात मुख धुने पानी सफा नभएर वा हात मुख धुने बानी नभएर लाग्छ ।

यो रोगका किटाणुहरू रोगीको आँखाबाट निस्कने चिप्रामा प्रशस्त हुन्छन् ।

रोगीको आँखाबाट निस्कने चिप्राबाट यो रोग सर्छ र मुख्य माध्यम भनेको झिङ्गा नै हो ।

यो रोग हातबाट सर्न सक्छ र कपडाको माध्यमबाट पनि सर्न सक्छ ।

एकै ठाउँका धेरै मानिसहरूलाई छोटो समयमा यो रोग लाग्न सक्छ र केही दिनमा नै महामारीको रूप लिनसक्छ ।

**लक्षणहरू**

खस्रे रोग लाग्यो भने यी लक्षणहरू देखा पर्छन् :

आँखा दुख्छ, बिझाउँछ ।

आँखा रातो हुन्छ, चिलाउँछ ।

आँखाको डिल सुनिन्छ ।

आँखाबाट चिप्रा आइरहन्छ ।

यो रोग धेरै पटक भयोभने आँखाको परेला भित्र फर्किन्छ ।

भित्र फर्केको परेलाले आँखाको नानीलाई बारम्बार घोच्छ र नानी विग्रिएर अन्धो गराउँछ ।

**रोकथाम र बचावट**

सधै चर्पीमा नै दिशा पिसाब गर्ने बानी बसाल्ने र चर्पी पनि सफा राख्ने

गाईवस्तुको मल-मूत्र खाडलमा जम्मागरी राख्ने

भान्साबाट निस्कने फोहर पानीलाई व्यवस्थित तरिकाले विसर्जन गर्ने

घर वरिपरि पानी जम्ने खाडल छ भने पुरिदिने

दिनको २-३ पटक आँखा - मुख धुने

हात मुख धुँदा नाकको सिँगान पनि राम्ररी सफा गर्ने

आँखाको चिप्रा र नाकको सिँगान जहाँ पायो त्यहाँ नपुछ्ने,खस्रे रोग लागेको रोगीले प्रयोग गरेका कपडा साबुन पानीले धोएर घाममा सुकाउने, खस्रेरोग लागेमा स्वास्थ्य संस्थामा गएर उपचार गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरै अवधिसम्म आँखामा औषधि लगाउने,

**३ लुतो, दाद र खटिरा**

लुतो, दाद, घाउ खटिरा जस्ता छालासम्बन्धी रोगहरू सरूवा रोग हुन् ।

छाला सम्बन्धी यी सबै रोगहरू किटाणुले हुन्छ ।

यी रोगका किटाणुहरू रोगीको शरीरमा रोगीले लगाएका कपडाहरूमा, फोहरमा, पानीमा हुन्छन् ।

फोहर पानीले नुहाएमा, हात मुख धोएमा कपडा धोएमा छाला सम्बन्धी रोगहरू सर्छन् ।

रोगीसँग बस्ने, सुत्ने, खेल्ने गर्दा पनि यी रोगहरू सर्छन् ।

रोगीले प्रयोग गरेका कपडा प्रयोग गरेमा पनि यी रोगहरू सर्छन् ।

छाला सम्बन्धी रोगहरूले मानिसलाई धेरै नै सताएको हुन्छ तर धेरैजसो कसैलाई भन्न चाहँदैनन् ।

**रोकथाम तथा बचावट**

व्यक्तिगत सरसफाइमा विशेष ध्यान दिने

सफा पानीले मात्र नुहाउने

हात मुख धुँदा, कपडा धुँदा सफा पानी प्रयोग गर्ने

पानीको मुहान सुरक्षित राख्ने

छालाको रोग लागेका व्यक्तिसँग सँगै नबस्ने, नसुत्ने, नखेल्ने

छाला सम्बन्धी रोगीले प्रयोग गरेका कपडा साबुन वा खरानी पानीले धोएर घाममा सुकाएपछि मात्र प्रयोग गर्नु

छाला सम्बन्धी रोग लागेका व्यक्तिले अस्पताल वा अन्य स्वास्थ्य संस्थामा गएर उपचार गराउने

**३ किटजन्य रोग**

डेंगु, औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरू लामखुट्टे, भुसुनाले सार्छन्

यी रोगहरूलाई किटजन्य रोगहरू भनिन्छ । यी रोगहरू किटाणुबाट नै लाग्छ

रोगीलाई टोकेर आएका लामखुट्टे, भुसुनाले आफ्नो शरीरमा ती रोगका किटाणुहरू बोकेर ल्याएका हुन्छन् र ती लामखुट्टे, भुसुनाले अर्को मानिसलाई टोक्दा यो रोग सर्छ

यी रोगहरू सार्ने लामखुट्टे, भुसुना फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्छन्, हुर्कन्छन्

औलो, कालाजार, इन्सेफलाइटिस रोगबाट मानिसको मृत्यु हुन्छ भने हात्तीपाइले रोगले मानसिलाई दीर्घ रोगी बनाउँछ

**रोकथाम र बचावट**

औलो, कालाजार, हात्तीपाइले, इन्सेफलाईटिस रोगहरूबाट बच्नको लागि लामखुट्टे, भुसुनाको टोकाइबाट बच्नुपर्छ । यसको लागि

लामो बाहुला भएको कपडा लगाउने

घर बाहिर नसुत्ने

लमखुट्टे, भुसुना हुने समुदायमा कुल भित्र सुत्ने बानी बसाल्ने

सम्भव भएसम्म घरको झ्याल, ढोकामा जाली लगाउने

लामखुट्टे, भुसुनाहरू फोहर पानी, झाडी, झारपात भएको ठाउँमा बस्ने, हुर्कने भएकोले गाउँ टोल, घर वरिपरि त्यस्तो ठाउँहरू हुन नदिने । यसको लागि :

घर वरिपरि सधै सफा राख्ने, पानी जम्ने खाडलहरू भए त्यसलाई पुरिदिने

झारपात, झाडी भएमा त्यसलाई हटाउने, फाँड्ने

वस्तुभाउको गोठ घरभन्दा केही टाढा राख्ने र मल मूत्र खाडलमा जम्मा गरेर मल बनाउने

सकेसम्म सुँगुर, बँगुर जस्ता फोहर गर्ने जीवजन्तु नपाल्ने, आर्थिकोपार्जनका लागि पाल्नुपर्ने भएमा घरभन्दा टाढा व्यवस्थितरूपमा पाल्ने

रोग लागेको शंका लागेमा नजिकैको अस्पताल वा अरू स्वास्थ्य संस्थामा गएर जाँच गराउने र स्वास्थ्यकर्मीको सल्लाह बमोजिम पूरा अवधिसम्म औषधि सेवन गर्ने ।

स्वास्थ्य खबरबाट

# जन्म गाउँलाई नबिसौं : मुख्यमन्त्री

बुटवल । बल्कोट (अर्घाखाँची)-रुपन्देही सम्पर्क समाजले तीज मिलन कार्यक्रम गरेको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यको प्रमुख आथित्यतामा तीज मिलन तथा दरखाने कार्यक्रम सम्पन्न भएको हो ।

सो अवसरमा बोल्दै मुख्यमन्त्री आचार्यले आफ्नो जन्म गाउँलाई नबिर्सन आग्रह गरे । उनले हिन्दु नेपालली महिलाहरुको महान पर्व तीजलाई तडकभडक गरी भन्दा पनि सामान्य रुपमा मनाउन आग्रह गरे । उनले आफू अर्घाखाँचीको समग्र विकासको लागि निरन्तर पहल गरिरहेको बताउँदै यसलाई पूरा गर्नका लागि सबैको साथ र सहयोगको आवश्यक पर्ने बताए ।

यस्तै सम्पर्क समाजका अध्यक्ष मोहन भट्टराईले विभिन्न पेशा व्यवसायको क्रममा विभिन्न क्षेत्रमा रहेता पनि जन्म गाउँको सम्झना सधैं आउने बताए । सधैं भरी सबै भेटघाट हुने वातावरण नहुने बताउँदै तीजको अवसर पारेर सबैसँग भेट हुने र आफ्ना दुःख सुख साटासाट गर्न र आत्मीयता बढाउने उद्देश्यले तीज मिलन तथा दरखाने कार्यक्रमको आयोजना गरिएको बताए ।

साथै आफूहरुले जन्मभूमि प्रतिको आफ्नो उत्तरदायित्व कहिल्यै नभुल्ने बताए । कार्यक्रममा लोक दोहोरी प्रतिष्ठा लुम्बिनीका अध्यक्ष दिपु मगर र गायिका कल्पना कुशुमले सांगीतिक प्रस्तुतिमार्फत् उपस्थित सम्पूर्ण दिदिबहिनीहरुलाई छमछमी नचाएका थिए ।

कार्यक्रममा ७० वर्षभन्दा माथिका जेष्ठ नागरिकलाई सम्मान गरिएको थियो । कार्यक्रमको संयोजन कोषाध्यक्ष हरिप्रसाद न्यौपानेले गरेका थिए ।

अर्घाखाँचीको साविकको बल्कोट गाविसमा स्थायी ठेगाना भई रुपन्देहीमा विभिन्न पेसा, व्यवसाय गरिरहेका व्यक्तिहरुको साझा हित तथा समस्याहरुलाई सामूहिक तवरबाट समाधान गर्ने उद्देश्यले वि.स. २०७२ सालमा स्थापित भएको हो ।

## अखिल क्रान्तिकारी रूपन्देहीको सम्मेलन हुँदै

बुटवल । अखिल क्रान्तिकारी रुपन्देहीले जिल्ला सम्मेलनको तयारी तीव्र बनाएको छ ।

यही भदौ १८ गते भैरहवामा च्याम्बर अफ कमर्स रुपन्देहीको हलमा सम्मेलन आयोजना गर्न लागिएको सम्मेलन प्रचार प्रसार विभागका संयोजक प्रशान्त बन्जाडेले जानकारी दिए ।

अखिल क्रान्तिकारी रुपन्देहीले अहिलेको जिल्ला सम्मेलनमा 'राष्ट्रिय स्वाधिनता र समान शिक्षाको लागि हाम्रो आन्दोलन, समाजवाद र समाजवादी शिक्षाको लागि २३औं जिल्ला सम्मेलन नारा अगाडि सारेको छ ।

सम्मेलनमा जिल्लाभरका क्याम्पस एकाइ कमिटी, पालिका कमिटी, माध्यमिक विद्यालय कमिटी सहभागी हुनेछन् । जसमा १८५ जना प्रतिनिधि र २५ जना पर्यवेक्षक सहभागी हुने प्रचारप्रसार विभागका संयोजक बञ्जाडेले जानकारी दिए ।

## एमाले बुद्धभूमिमा न्यौपाने सर्वसम्मत

कपिलवस्तु । नेकपा एमाले बुद्धभूमिको दोस्रो नगर अधिवेशनले सर्वसम्मत रुपमा आगामी ३ वर्षका लागि ध्रुवप्रसाद न्यौपानेको अध्यक्षतामा ५१ सदस्यीय नगर कमिटी चयन गरेको छ । जसको उपाअध्यक्षमा रोम बहादुर थापा, सचिवमा नारायण प्रसाद पन्थी, उपसचिवमा कर्णबहादुर महरासहितको ५१ सदस्यीय कमिटी गठन गरेको छ ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि नेकपा एमाले कपिलवस्तु इन्चार्ज एवं प्रदेश सांसद गिरिधारीलाल न्यौपानेले समृद्ध नेपाल, सुःखी नेपालीको सपना साकार पार्न बुद्धभूमि एमालेले विगतका गल्तीबाट पाठ सिक्दै मिशन चौरासी पूरा गर्न आजैका दिनबाट एकताबद्ध भएर अगाडि बढ्न सुझाव दिए ।

कार्यक्रममा पूर्व माननीय बृजेशकुमार गुप्ता, पुर्व स्वास्थ्य मन्त्री एवं प्रदेश सांसद विष्णु पन्थी, निर्वाचन आयोगका केन्द्रीय सदस्य झविलाल पोखरेल, पार्टी जिल्ला अध्यक्ष बावुराम खनाल, पूर्व जिल्ला अध्यक्ष डम्बर शर्मा, महिला नेतृ शारदा शर्मालगायतले शुभकामना दिँदै आगामी हुने तिनै तहका निर्वाचनमा बुद्धभूमि एमाले पहिलो पार्टी बनाउन आग्रह गर्दै नगर कमिटीका पदाधिकारीलाई शुभकामना दिएका थिए ।

नगर अधिवेशनका महिला दिदीबहिनीहरुले नेपाली मौलिक तीज गीत र नृत्यबाट सहभागीलाई थप मनोरञ्जन समेत दिलाएका थिए भने पुराना एमाले नेता तथा समर्थकलाई सम्मान गरेका थिए ।

**वन मन्त्री...**

प्रतिवेदनमा विधवा तथा एकल महिला निर्मला कुर्मीमाथि बादशाह कुर्मी, कुँवर बब्बन सिंह, धिरेन्द्र सिंह, अम्मरलाल कुर्मी, भारतीय नागरिक मुनिम कुर्मीलगायतका ८ जनाले कुटपिट गरी सम्पत्ति खाने नियतले सम्पूर्ण कागजातहरू नागरिकता, लालपुर्जा, नाता कायमको कागज जबरजस्ती खोसेर लगेको उल्लेख गरिएको अधिकारकर्मी खानले बताइन् ।

मुद्दा अदालतमा दर्ता हुन रोक्न कांग्रेसभित्रको एउटा समूह, सरकारी वकिल कार्यालय र प्रहरी समेतको मिलेमतो रहेको आशंका आफूहरुलाई रहेको खानले बताइन् ।

सम्पूर्ण कागजात खोसेर लगेपछि निर्मलाले पटक-पटक छलफल गर्न खोजेको तर उनीहरूले निर्मलाको कुनै पनि कागजात नदिने, घरमा बस्न पनि नदिने र उल्टै धम्की दिने गरेको प्रतिवेदनमा उल्लेख छ ।

निर्मलाको अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान मुद्दा हेर्दा सम्पत्ति हडप्ने नियत देखिएको भन्दै त्यसबारे विस्तृत अनुसन्धान गरी सबै आरोपीलाई अविलम्ब पक्राउ गर्न उक्त समितिले सुझाव दिएको थियो ।

धम्कीको क्रम बढ्दै गएपछि जिल्ला प्रशासन कार्यालय बाँकेसमेतको पहलमा निर्मलालाई उद्धार गरी सेफ सेल्टरमा राखिएको समेत छानबिन समितिले भनेको थियो । बाँके प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले मन्त्री कुर्मी जोडिएको यो घटनाको अनुसन्धान जारी रहेको र अदालत लैजानुपर्ने देखिए मुद्दा दर्ता हुने बताए । 'यो केस अनुसन्धानकै चरणमा छ, केही मान्छेसंग बुझ्न बाँकी छ, त्यसपछि अदालतमा मुद्दा दर्ता हुन सक्छ ।'-कार्कीले भने ।

**मुख्यमन्त्रीलाई ज्ञापन पत्र**

यसैबिच नेकपा बहुमतले पनि मन्त्री बादशाह कुर्मीलाई बर्खास्त गर्न माग गर्दै मुख्यमन्त्री चेतनारायण आचार्यलाई ज्ञापनपत्र बुझाएको छ । सो पार्टीका लुम्बिनी प्रदेश संयोजक नरेन्द्र विक नेतृत्वमा गएको टोलीले मन्त्री कुर्मी एकल महिला अपहरण घटनामा संलग्न भएकाले बर्खास्त गर्नुपर्ने माग गरेको हो ।

यस्तै सो पार्टीले रुकुम पूर्व प्रदेशसभा 'ख' का सांसद धनबहादुर केसी (डीबी) लाई पक्राउ गर्न माग गरेको छ । सांसद केसीलाई तत्कालीन जिल्ला न्यायाधीश बमबहादुर श्रेष्ठको इजलासले सरकारी कागजपत्र किर्ते गरेको ठहर गर्दै एक वर्ष कैद र २ हजार जरिवनाको फैसला गरेको थियो । तर उनी राजनीतिक पहुँचको आधारमा जोगिंदै आएका छन् । २०४८ सालमा सांसद केसीले श्रीमतीसँग सम्बन्ध विच्छेदको लागि सरकारी कागजात किर्ते गरेको ठहर भएको थियो ।

## उर्वर सहकारीमा नयाँ नेतृत्व

बुटवल । बुटवल ६ मा रहेको उर्वर बचत तथा ऋण सहकारीमा मायादेवी थापाको नेतृत्वमा नयाँ सञ्चालक समिति निर्वाचित भएको छ ।

संस्था लिमिटेडको १४औं वार्षिक साधारण सभा तथा पाँचौ अधिवेशनबाट थापाको नेतृत्वमा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित भएको पूर्वअध्यक्ष तथा निर्वाचन समिति सदस्य रामप्रसाद आचार्यले जानकारी दिए ।

समितिको उपाध्यक्षमा तेजलाल आचार्य, सचिवमा शम्भु आचार्य, कोषाध्यक्ष्यमा कृष्णप्रसाद भुसाल सर्वसम्मत चयन भएका छन् ।

यस्तै सदस्यहरुमा शोभा बञ्जाडे, शोभा फुल्लेल, रामबहादुर सुनार, नारायण आचार्य र लक्ष्मण बञ्जाडे निर्वाचित रहेका छन् ।

त्यसैगरी लेखा सुपरीवेक्षण समिति संयोजक डोलराज फुल्लेल, सदस्यहरूमा सन्तोष आचार्य र विष्णु आचार्य निर्वाचित भएका छन् ।

अधिवेशनको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिका उपप्रमुख सावित्रादेवी अर्यालले अर्घाखाँचीको मरेङबाट रुपन्देही आएर बसेका व्यक्तिहरु मिलेर सञ्चालन गरेको सहकारीका इन्डेक्सहरु सकारात्मक रहेको बताइन् ।

उनले सहकारी सही रुपमा सञ्चालन हुनको लागि शेयर सदस्यहरु समेतले क्रियाशिलता देखाउन आग्रह गरिन् ।

अधिवेशनले अध्यक्ष उमेश कुँवरको प्रतिवेदन पास गुर्नका साथै सचिव, कोषाध्यक्ष र लेखा समितिका प्रतिवेदन पारित भएका थिए ।

सो अवसरमा उत्कृष्ट बचतकर्ता, ऋणी, जेष्ठ सदस्य, बाल बचतकर्तालगायतलाई सम्मान समेत गरिएको थियो । सहकारीमा ५ सय २५ शेयर सदस्य रहेका छन् ।

उद्घाटन समारोहमा पूर्वअध्यक्ष शालिकराम भुसाल, रामप्रसाद आचार्य, नमराज सुवेदी, ऋषिराम आचार्यलगायतले बोलेका थिए ।


Lumbini Province Government

## Road Infrastructure Development Office

Gulmi, Nepal

## Invitation for Bids

**IFB No:02/081-82**

(First date of Publication: 17thBhadra2081 (02ndSep, 2024)

1.Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB).

| S.N. | Name of Works | Contract ID | Amount Excluding (VAT& PS) | Bid Fee | Bid Security Amount |
|---|---|---|---|---|---|
| 1 | Upgrading ofBhanbhane-Hadhade-Ninnukharka -Pipaldhara-Nayagaun-Thuldi-Barbot-Road, Dhurkot Ga Pa,4 And Upgrading of Gaidaapaataa-Bhirkateri-Thaddhunga-Krishi-Road, Dhurkot Ga Pa,4. | RIDO/GUL/W/NCB/ROAD/134/18/081-82 | 42,30,392.74 | NRs. 3000 for Each Contract | 1,00,000.00 |
| 2 | Upgrading of Bichitra-Guphaa-Kalikasthan-Dhurkot-Budhikot-Askuna-Barahathan-Tikhechuli-Kankedeurali-Road.Dhurkot Ga Pa,6 And Upgrading of Swayamikarukh -Dadaar-Chaur-Road, Dhurkot, Ga Pa,6. | RIDO/GUL/W/NCB/ROAD/134/19/081-82 | 33,83,795.63 | | 80,000.00 |
| 3 | Upgrading of Tosha-Adheri-Khola-Bishowkarma-KulPuja-Mandir-Hudai-Jamdi-Jodne-Road, Dhurkot Ga Pa,5, Upgrading f ThulaGairaa-Hudai-Kalika-Mandir-Samma-Road, Dhurkot Ga Pa,5 And Upgrading of KalikaSthan-Aamari-Hudai-4 no-Woda-Karyalay-Jodne-Road, Dhurkot Ga Pa 5. | RIDO/GUL/W/NCB/ROAD/134/19/081-82 | 27,92,107.41 | | 66,000.00 |
| 4 | Upgrading of Sundarpokhara-Nayagaun-Bastu-Khukurekhola-Road, DhurkotGa Pa,2 And Upgrading of Mathillo-Sabdhara-Dekhi-Padhera-Khola-Samma-Road, DhurkotGa Pa,1. | RIDO/GUL/W/NCB/ROAD/134/20/081-82 | 25,38,295.39 | | 60,000.00 |
| 5 | Upgrading of Nayagau-Chirpolne-Dhada -Dekhi-Bhujeldhara-Aaraudi-Pipaldhara-Nadi -Hadhade-Krisi-Road, Dhurkot Ga Pa,1. | RIDO/GUL /W/NCB/ROAD /134/21/081-82 | 21,15,127.31 | | 50,000.00 |
| 6 | Upgrading of Pipalbot-Talla-Kunakharka-Baghnape-Ghatakhola-Road, Dhurkot Ga Pa,1. | RIDO/GUL/W/NCB/ROAD/134/23/081-82 | 25,38,193.17 | | 60,000.00 |
| 7 | Upgrading of Kurgha-Malika-Swaara-Road, Musikot Na Pa,6. | RIDO/GUL/W/NCB/ROAD/134/24/081-82 | 16,91,074.49 | | 40,000.00 |
| 8 | Upgrading of Wami-Arlangkot-Kadebas -Road, Musikot Na Pa,7,8. | RIDO/GUL/W/NCB/ROAD/134/25/081-82 | 16,90,994.61 | | 40,000.00 |
| 9 | Upgrading of WamiTaksar-Wami-Maidan-Thulakharka-Arlangkot-Mauribhir-Dadalka-Road, Musikot Na Pa,7,8. | RIDO/GUL/W/NCB/ROAD/144/26/081-82 | 21,15,007.85 | | 50,000.00 |
| 10 | Upgrading of Simaltari-Namata-Falleni-Maidan-Sairepokhara-Hile-Sisneri-Derling-Bhimghithe-Road, Malika Ga Pa, 8 | RIDO/GUL/W/NCB/ROAD/134/27/081-82 | 25,38,300.49 | | 60,000.00 |
| 11 | Upgrading of Pauwa-Baskhola-Kumalgaun-Harisinghe -Thati-Road, Malika Ga Pa, 6 And Upgrading of Kumalgaun-Lametari-Samabot-Road, Malika Ga Pa, 6 | RIDO/GUL/W/NCB/ROAD/134/28/081-82 | 25,39,800.59 | | 60,000.00 |
| 12 | Upgrading of Bulma-Arje-Chapa-Ghamir, Malika Ga Pa, 5 | RIDO/GUL/W/NCB/ROAD/144/29/081-82 | 33,83,795.63 | | 80,000.00 |
| 13 | Upgrading of Dobato-Pokhara-SMode-Road, Ruru Kshetra Ga Pa, 1 And Upgrading of Thorga-Churek-Dobato-Dekhi-Thulapokhara-DurgaMandir -Road, Ruru Kshetra Ga Pa, 1 | RIDO/GUL/W/NCB/ROAD/134/30/081-82 | 18,61,415.69 | | 44,000.00 |
| 14 | Upgrading of Kalikamod-Darsingbas-Thanidadha-Road, Ruru Kshetra Ga Pa, 4 And Upgrading of Darsingbas-Kalikamod- Thanidadha-Chattrakot-Road, Ruru Kshetra Ga Pa, 4 | RIDO/GUL/W/NCB/ROAD/134/31/081-82 | 33,84,615.38 | | 80,000.00 |
| 15 | Upgrading of Rudrabeni-Rimuwa-Road, Ruru Kshetra Ga Pa, 6. | RIDO/GUL/W/NCB/ROAD/134/32/081-82 | 54,57,264.96 | | 1,30,000.00 |
| 16 | Upgrading of Hulak-ChautaraDekhi-Basanta-Pokhari-Road, Ruru Kshetra Ga Pa, 3, Upgrading of Kumaudi-Kalikasthan-Bamghakot-Road, Ruru Kshetra Ga Pa, 5&6 And Upgrading of Thorga-Besikachaur-Jholunge-Pul-Approach-Road, Ruru Kshetra Ga Pa, 1&2. | RIDO/GUL/W/NCB/ROAD/134/33/081-82 | 31,30,769.24 | | 74,000.00 |
| 17 | Upgrading of Baletaksar-Bhanjyang-Rimuwa-Rudrabeni-Road, Ruru Kshetra Ga Pa, 6 | RIDO/GUL/W/NCB/ROAD/144/34/081-82 | 21,15,384.62 | | 50,000.00 |
| 18 | Upgrading of Ratamata-School-Dekhi-Devisthan-Mandir-Jane-Road, Resunga Na Pa, 14 And Upgrading of Ratamata-Ghatrimata-Dekhi-Ketuki-Bari-Samma-Road, Resunga Na Pa, 14 | RIDO/GUL/W/NCB/ROAD/134/35/081-82 | 32,15,384.61 | | 76,000.00 |
| 19 | Upgrading of Jhirbas-Dadha-Neta-Bazar-Ratamata-Gausalaa-Hudai-Garjura-Road, Resunga Na Pa, 14 And Upgrading of grati-Tole-Chapa-Tole-RCC-Dhalan-Road, Resunga Na Pa, 8 | RIDO/GUL/W/NCB/ROAD/134/36/081-82 | 25,38,193.17 | | 60,000.00 |

2. Interested eligible bidders may obtain further information from Road Infrastructure Development Office, Gulmi or may visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp



# Mandavi Secondary School

**Nayagaun, Pyuthan**

**Lumbini province,Nepal**

## Invitation For Bids

Date of First Publication date 2081/05/171.

Mandavi Secondary Schoolinvites NCB from duly registered eligible national bidders for the folllowing goods.

| Contract ID | Descriptions and location of work | Estimated Amount(Exclusive of VAT and Contingencies) | Bid Document Fee(Nrs) | Bid Security Amount(Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 01-MSS/NCB -2081/82 | "Construction of Mandavi Model Secondary School" | 93,31,734.23/- | 3,000/- | 2,60,000/- | 90 |

2. Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| | | | |
|---|---|---|---|
| Office name | Mandavi Secondary School,Nayagaun Pyuthan | Last date of purchased | 2081/06/16 Before 12:00 pm |
| Name of Bank | Himalayan Bank Ltd. | Last date of submission | 2081/06/16 Before 12:00 pm |
| Rajaswa khata no. | 26657346860027 | Opening | 2081/06/16at 12:30 |
| Deposit Account no. | 26657346860011 | Pre-bid meeting | 2081/06/04 at office time |

3.Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.

4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (13th Amendment-2076). Any amendments in tender notice shall be published in e-procurement section.

**Principal**



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**व्यावसायिक मौरीपालनः**
दाङको घोराही उप-महानगरपालिका-१३ स्थित डुम्बरगाउँमा घोराही-१८ सुपैलाखुट्टीका श्रीधन घर्तीले भाडाको जग्गामा राखेको मौरीको घार । छैबाङ चुडरी बहुउद्देश्यीय कृषि फर्म दर्ता गरेर व्यावसायिक रुपमा मौरीपालन गरेका घर्तीको एक सय पचास बढी मौरीका घार छन् । तस्विरः कुलदीप न्यौपाने/रासस

# लुम्बिनी इञ्जिनियरिङ कलेजमा बीइआइटी पढाइ हुने



बुटवल । रुपन्देहीको तिलोत्तमा-७ भलबारीस्थित लुम्बिनी इञ्जिनियरिङ कलेज (लेक) मा बीइआइटी. (ब्याचलर अफ इञ्जिनियरिङ इन इन्फरमेसन टेक्नोलोजी) को पढाइ हुने भएको छ। लेकले रुपन्देहीमा पहिलो पटक यो विषय पढाउन थालेको हो ।

पोखरा विश्वविद्यालयले गत वर्षदेखि यो कार्यक्रम लञ्च गरेको थियो । आइटी क्षेत्रमा यो कार्यक्रम धेरैले रुचाएका छन् । यो विषय पढ्न ४८ जनाको कोटा रहेको कलेजले जानकारी दिएको छ। त्रिभुवन विश्वविद्यालयले समेत यो कार्यक्रम ल्याएको छैन। आइटी पढ्ने विद्यार्थीहरुको इञ्जिनियरिङमा पढ्ने उत्सुकता बढेकाले यो वर्षदेखि विज्ञानमा प्लस टु वा डिप्लोमा उत्तीर्ण गरेका विद्यार्थीहरुका लागि व्याचलर लेभलमा चार वर्षे बीइआइटी कार्यक्रम ल्याइएको कलेजका अध्यक्ष रामचन्द्र ढकालले बताए।

आइटी क्षेत्रमा २५ वर्षको इतिहास बोकेको कलेजले विद्यार्थीहरुको माग र रुचीअनुसार विज्ञानका विद्यार्थीहरुका लागि बीइआइटी कार्यक्रम पढाउन लागेको र कक्षा ११ वा १२ मा कम्प्युटर वा गणित पढेका जुनसुकै संकायमा विद्यार्थीहरुको लागि बीसीए पढ्न पाउने अवसरका रुपमा यी कार्यक्रमहरु यस वर्षदेखि सञ्चालनमा ल्याएको लुम्बिनी इञ्जिनियरिङ, म्यानेजमेन्ट एण्ड साइन्स कलेजका अध्यक्ष प्रा.डा. रामचन्द्र (आरसी) आचार्यले जानकारी दिए।

उत्कृष्ट नतिजाका कारण विश्वविद्यालय र शिक्षा मन्त्रालयबाट पटक-पटक सम्मानित भएको लुम्बिनी इञ्जिनियरिङ कलेज नेपाल इञ्जिनियरिङ काउन्सिलबाट स्थायी सम्बन्धन प्राप्त पहिलो प्राइभेट कलेज भएको कलेजका सदस्य सचिव डा. के एन पाण्डेले बताए।

पछिल्लो समय राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा इञ्जिनियरको साथसाथै आइटीमा पनि जनशक्ति माग बढिरहेकाले समय सापेक्ष विषयहरु कलेजले ल्याउँदै जाने पाण्डेले प्रतिबद्धता जनाए।

कलेजका डाइरेक्टर तुलसीप्रसाद सापकोटाले ०८१ सालको शैक्षिक सत्रका लागि व्याचलर लेवलमा सिभिल इञ्जिनियरिङ, कम्प्युटर इञ्जिनियरिङ, इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इञ्जिनियरिङ, बीआइटी, बीसीएमा भर्ना खुलेको जानकारी दिँदै जीवन उपयोगी शिक्षा अध्ययनका लागि विद्यार्थी र अभिभावकको रोजाई लेक बनेको बताए। लेक ०५६ सालमा पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिई स्थापना भएको यस क्षेत्रको एक मात्र आइटी र इञ्जिनियरिङ कलेज हो।

स्थापनाकालदेखि ब्याचलर लेभलमा सिभिल इञ्जिनियरिङ, कम्प्युटर इञ्जिनियरिङ, इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशन इञ्जिनियरिङ कक्षा सञ्चालन गर्दै आएको र क्रमशः इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इञ्जिनियरिङ, बीसीए थप गरी माष्टर लेभलमा बीइ उत्तीर्ण भएका विद्यार्थीहरुका लागि एमएससी कन्स्ट्रक्सन म्यानेजमेन्टमा ०६६ सालदेखि कक्षा सञ्चालन भइरहेको सापकोटाले बताए।

# शोभा पाण्डेको मायै गरी गरी सार्वजनिक



बुटवल । रुपन्देही देवदहकी गायीका शोभा पाण्डे र रोशनसिंह क्षेत्रीको युगल आवाजको म्युजिक भिडियो सार्वजनिक भएको छ। मायै गरी गरी बोलको गीतमा डा. कृष्णहरि बरालको शब्द तथा गैरे सुरेशको संगित रहेको छ।

गीतको एरेन्ज, मिक्सिङ तथा मास्टरिङ नरेन्द्र वियोगीले गरेका छन् । म्युजिक भिडियोमा रमेश पाठक र शिला गजुरेलले अभिनय गरेका छन् । ओम प्रसाईंको क्यामेरा तथा रोशनसिंह क्षेत्रीको निर्देशनमा भिडियो तयार भएको छ।

गीतमा मायालु जोडिको प्रेमलाई समेटिएको छ भने म्युजिक भिडियो समेत आकर्षक बनेको छ।

जिन्दगी माया गरी गरी बिताइदिँउ कि ? भन्ने अभिव्यक्तिलाई शब्द, स्वर तथा अभिनयबाट पूर्णता दिइएको छ । गीतको अन्तरामा पुग्दा प्रेमको उत्कर्षले जिन्दगी मायै माया गरी बिताउने कुरालाई निर्णयको रुपमा प्रस्तुत गरिएको छ।

गीतमा संसार छक्कै पार्ने माया गर्ने दाबीलाई समेत गायीका शोभाको स्वरमा सुन्न सकिन्छ।

शोभाको यसअघि मात्रै तीज गीत हरदिन पुजा गर्छु म बोलको गीत चर्चित रहेको छ। गायीका सोभाले हरेक वर्ष तीजमा गीत बजारमा ल्याउनुका साथै सोलो एल्बम समेत बजारमा ल्याएकी छन् । उनको पहिलो सोलो एल्बम शंका हो भने दोस्रो घायल हो।

संगितबाट एमफिल गर्दै गरेकी शोभाले जिनिएस म्युजिक अवार्डमा लोक आधुनिक विधामा जुरी अवार्ड प्राप्त गरेकी थिइन्।


**सर्पको टोकाईबाट बचौं...**

-घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
-झाडी एवं खुला स्थानमा शौच नगरौं,
-खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
-लठ्ठी लिएर हिडौं,
-सम्भव भएसम्म खाटमा सुतौं,
-सुत्ने बेलामा ओछ्यान राम्ररी हेरौं,
-राती हिड्दा टर्च लाइटको प्रयोग गरौं
-पराल, दाउरा आदि निकाल्दा होसियारी अपनाऔं,
यदि सर्पले टोकेमा नजिकको सर्पदंश केन्द्र वा अस्पताल मा लैजाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**KAWASOTI MUNICIPALITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**GANDAKI PROVINCE, NEPAL**

# Invitation for Bids

First Date of Publication: 2081/05/17

Kawasoti Municipality, Nawalparasi (East) invites only electronic bids for the following construction works under National Competitive Bidding (NCB).

| S. No. | Contract Nos. and Title. | Brief Description of Works | Engineers' Estimate (excluding VAT and contingency) in (NRS) | Last Date & Time of Bid Submission | Bid Validity with Bid Security Period (Day) | Bid Security Amount in (NRS) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|
| 1 | 03/KM/NCB /2081/82 | Ring road upgrading work at kawasoti-5 | 3452781.23 | 2081/06/16, BS) Upto 12Hr | 120 days | 110000 | 3,000.00 |
| 2 | 04/KM/NCB /2081/82 | Shaikshika chok dekhi manav dharma hudai sital chok jane bato kalopatre | 5169970.47 | 2081/06/16, BS) Upto 12Hr | 120 days | 150000 | 3,000.00 |

bidder may obtain further information from Kawasoti Municipality, Office of the Municipal Executive, Kawasoti, Nawalparasi(E) (Mobile: 9857641111, 9843500711, website: www.kawasotimun.gov.np) during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Chief Executive Officer**



**आकर्षक डिजाइन तथा छपाई**
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
**सम्पर्क:**
**आइडिया डिजाइनर्स/अफसेट प्रेस**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



**ट्वाइलेट सफा गराउनुहोस्**
**बुटवल सेनेटरी प्रा.लि.**
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
**आले डेण्टल हस्पिटल प्रा. लि.**
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (मुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
**दाँत, मुख तथा गिजा उपचार केन्द्र**






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"